

जीवनपुर गाउँमा धेरै घरहरू छन् ।








त्यहाँ बुढाबुढी, अधबैँसे, युवायुवती र केटाकेटीहरू बस्दछन् ।



त्यो गाउँका आमाहरूले बाल वालिकालाई काखमा राख्नुहुन्छ। बालवालिकाको स्याहार गर्नुहुन्छ। बालवालिकालाई माया गर्नुहुन्छ। बालवालिकाहरूले पनि आमालाई माया गर्छन्।



बुवाहरुले पनि बालवालिकाहरूलाई मायाँ गर्नुहुन्छ। बेला बखतमा बालवालिकाहरूलाई घुमाउन लैजानु हुन्छ। बुवालाई पनि बालवालिकाहरूले उत्तिकै मायाँ गर्छन्।



दाजुदिदीहरूले पनि भाइवहिनीहरूलाई मायाँ गर्नुहुन्छ । आफुसित भएको मिठो खानेकुरा, फलफूल भाइवहिनीलाई दिनुहुन्छ । भाइवहिनीहरूले दाइदिदीहरूलाई धेरै माया गर्दछन् ।



जीवनपुरका मानिसहरूले जनावरहरूको हेरविचार गर्छन् ।

उनीहरूले जनावरलाई पनि माया गर्छन् ।



जीवनपुरका मानिसहरूले चराचुरूङ्गीको पनि हेरविचार गर्छन् ।

उनीहरूले चराचुरूङ्गीलाई पनि माया गर्छन् ।



जीवनपुरका मानिसहरूले बालवालिका, जनावर र चराहरूलाई मात्र होइन बोट विरुवाको पनि उत्तिकै हेरविचार गर्छन् । बोटविरूवाका लागि बेलाबेलामा पानी राखिदिन्छन् ।

जीवनपुर गाउँका मानिसहरूले एकआपसमा माया गर्छन् ।
उनीहरूले जनावर, चरा र बोटविरुवालाई पनि धेरै माया गर्छन् ।
हामीले पनि जीवनपुरवासीले जस्तै सबैलाई मायाँ गर्नु पर्दछ ।